# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं०७९।०८० (राजश्व)
च.नं.

## शिलबन्दी बोलपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित सुचना मिति : २०८०/०३/२०**

यस दुहबी नगरपालिका अर्न्तगत तपसिल बमोजिमका आ.व. २०८०/०८१ को लागि मिति २०८१ असाढ मसान्त सम्म को लागि शिलबन्दी बोलपत्र द्धारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक व्यक्ती, सस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| सि.नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का अंक मु. अ. कर समेत वार्षिक रु. |
|---|---|---|
| रा.आ.ठे.नं. २ | मंगलबारे खसि सुगुर काटी मासु बिक्री हाटकर | १०,३६,७००।०० |
| रा.आ.ठे.नं. ६ | विहिबारे साप्ताहिक हाटकर दुहवी ८ | १,५७,५००।०० |
| रा.आ.ठे.नं. ७ | आईतबारे साप्ताहिक हाटकर दुहवी ८ | ५०,४००।०० |
| रा.आ.ठे.नं. ११ | वुधबारे हाटकर दुहवि ९ | १०२२००।०० |
| रा.आ.ठे.नं. १२ | भैसि डिल हाटकर दुहवी ८ | ४,२०,०००।०० |
| रा.आ.ठे.नं. १४ | मंगलबारे,शुकबारे हाटकर दुहवी ९ | ८९,६००।०० |
| रा.आ.ठे.नं. १५ | विज्ञापन कर ५ बर्षे | ४,९०,२४०।०० |

**शर्तहरु :-**

१. शिलबन्दी वोलपत्र साथ रु.१० को टिकट टाँसी आफूले कवोल गरेको ठेक्का अंकको ५% धरौटी वापत रकम दुहबी न.पा.,नगर कार्यपालिकाको कार्यालयको एन.आई. सि. बैक दुहवि शाखामा रहेको धरौटी खाता नं.(१०८२०५८४९९३७८००५) मा जम्मा गरेको सक्कलै बैक भौचर संलग्न गर्नु पर्नेछ साथै बैक जमानतको हकमा नेपाल राष्ट्र बैक बाट मान्यता प्राप्त क बर्गको बैक बाट जारी गरेको कम्तीमा ९० दिन म्याद रहेको बैक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

२. शिलबन्दी वोलपत्र साथ वोलपत्रवालाले नेपाली नागरीकताको प्रतिलिपि स्थायी लेखानम्बर प्रमाण पत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।सस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर रु. १०००/(फिर्ता नहुने गरी) बोलपत्र फारम दुहबी न.पा.नगर कार्यपालिकाको कार्यालयको कर शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सुचना जारी भएको मितिले ७(सात) दिन सम्म (२०८० /०३/२६ शिलबन्दी बोलपत्र दर्ता मिति २०८०/०३/२७ गते १२:०० बजे सम्म दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०८०/०३/२७ गते दिनको ३.०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फाराम उपर कुनै कारवाहि हुनै छैन ।

६. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. दर्ता भएको बोलपत्रहरु नियमानुसार खोली स्वीकृत हुने शिलबन्दी वोलपत्रवालाले स्वीकृत ठेक्का रकम ठेक्काको सम्झौता संगै एकमुष्ट रकम बुझाउनु पर्ने छ र सम्पुर्ण ठेक रकम एकमुष्ट बुझाएमा १०% प्रतिशत छुट दिईनेछ ।

८. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलप्रत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ ।

९. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।साथै रा.ठे. नं १५ बिज्ञापन करको हालको कबोलअंकमा वर्षे पिच्छे १० प्रतिशत थप हुदै जाने छ ।

१०. अन्य जानकारीको लागि दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व तथा कर शाखामा कार्यालय समय भित्र टेलिफोन नम्बर ०२५- ५४२३८७ मा सर्म्पक राख्न सकिनेछ ।

११ बार्षिक ठेक्का रकम रुिवकृत भइ सम्झौता भएता पनि १(एक) हप्ता भन्दा बढि नेपाल सरकार बाट लकडाउन् / निषेधाज्ञा जारी भई कर संकलन कार्य रोक्नु पर्ने बाध्यात्मक परिस्थीतिमा सो अवधिको कर छुट मिनाहा दिईने छ । : ।

१२ बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दि वोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलि पल्ट दर्ता हुने तथा खोलिने छ ।